# मिक्लाजुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मधुमल्ला, मोरङ

१ नं. प्रदेश, मोरङ

मिति : २०७५/०५/०६

### गाडी खरिद सम्वन्धि सिलवन्दी बोलपत्र आव्हानको सूचना ।

यस गाउँपालिकाको चालु आ.व.२०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार थान १ 4 Wheel Drive भएको Full Options गाडी सिलवन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित कम्पनि/फर्म /निमाता/सप्लार्यसले फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र र आ.ब. ०७३/०७४ को कर चुक्ता प्रमाणपत्र भएका फर्महरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलवन्दी बोलपत्र फाराम राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र फिर्ता नहुने गरी तोकिएको दस्तुर रु.३०००।- जम्मा गरेको सक्कल रसिद निवेदन साथ संलग्न राखी बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयवाट सिलवन्दी बोलपत्र खरिद गर्न सक्नेछ ।

२. खरिद गरेको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे भित्र सिलवन्दी बोलपत्र यस गाउँ कार्यपालिका कार्यालयमा दर्ता गराउनु पर्ने छ । दर्ता भएको सिलवन्दी बोलपत्रहरु सोही दिनको १.०० बजे बोलपत्रदाता र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस गाउँ कार्यपालिका कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलवन्दी बोलपत्र साथ जमानत वापत कवोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम रु. १,६३,०००।-( एक लाख त्रिसठ्ठी हजार मात्र) यस गाउँ कार्यपालिका कार्यालयको एन.एम.बी. बैंक, मधुमल्ला शाखा, मोरङ शाखामा रहेको धरौटी खाता नं. ०६१०९१००५८२१३००००००६ मा रकम जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त 'क' श्रेणीका वैंकवाट यस गाउँपालिकाको नाममा जारी गरेको कम्तीमा ९० दिन म्याद भएको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

४. बोलपत्रदाताले कवोल गरेको दर रेट अंक अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइने छ ।

५. बोलपत्रदाताले सिलवन्दी बोलपत्र स्वीकृत भएको ७ दिन भित्र कवोल अंकको ५% ले हुने रकम यस कार्यालयको धरौटी खातामा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा कम्तिमा ३ महिना म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी गरिएको परफरमेन्स वण्ड पेश गर्नु पर्ने छ । नगद जमानत राखेकोमा पछि वैंक ग्यारेन्टीमा परिणत गरिने छैन ।

६. प्रत्येक सिलवन्दी बोलपत्रदाताले बोलपत्र फारममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नु पर्ने छ ।

आचार्य

प्रशासकीय अधि

७. बोलपत्रदाताले बोलपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकारप्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फारम मात्र खरिद गर्नु पर्ने छ । साथै रित नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलँवन्दी बोलपत्र माथि कुनै कार्यवाही गरिने छैन ।

८. खरिद गरिने गाडी बोलपत्र फारम साथ रहेको स्पेशिफिकेशनमा उल्लेखित मापदण्ड अनुसारको हुनु पर्ने छ । यदी स्पेशिफकेशनमा उल्लेख गरे अनुसार नभएमा उक्त गाडी स्वीकार गरिने छैन ।

९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन र समयमा बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने छ ।

१०. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित संघीय, प्रादेशिक तथा स्थानीय कानून अनुसार हुनेछ ।

११. बोलपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहेको छ ।

१२. अन्य थप केही कुराहरु बुझ्न परेमा कार्यालय समयभित्र फोन नं. ०२१–४०००७१ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत